जि.प्रशा.का.दर्ता नं. १०१/०८०/८१

"निष्पक्ष जनपक्षीय सवालको निर्भीक आवाज"

# संवाहक

राष्ट्रिय दैनिक Samvahak National Daily

**सूचना**

संवाहक राष्ट्रिय दैनिकको लागि स्तरीय लेख, रचना, फिचर, प्रेस विज्ञप्ति, आदि प्रेषित गर्न चाहनु हुन्छ भने कृपया विज्ञापनको लागि फोन नं.: ९८०६८१४३०२ मा प्रेषित गर्नुहोला।

वर्ष : ४ | अंक : २४ | २०८३ साल बैशाख २७ गते, आईतबार | Sunday, May.– 10 2026 | मूल्य रु. ५/- पृष्ठ : ४

## बाराको सीमावर्ती नाकामा कालो रातमा कालो धन्धाको राज्य, सेटिङमै "खेना" र "अरबिन्द" समूह तस्करीमा सक्रिय





***संवाहक सम्वादाता**-२६ बैशाख, कलैया*

बाराको दक्षिणी सीमावर्ती नाकामा पछिल्लो समय तस्करी गतिविधि तीव्र रूपमा बढ्दै गएको स्थानीयवासीले आरोप लगाएका छन्। उनीहरूका अनुसार कपडा, चकलेट, काजु लगायतका दैनिक उपभोग्य सामग्रीको अवैध ओसारपसार संगठित गिरोहमार्फत भइरहेको छ। रौतहटको बंकुल नरकटिया औरैया सहितका सिमानाबाट निर्धक्क साथ तस्करी बढेको छ। यसैगरि पर्साको ड्राईपोरअँष्ट मार्ग , अलउ सिरसिया ठोरी लागयतका सुमानाका तस्करको सुरक्षित मार्ग बनेको छ। स्थानीयले पिपरपाती, चिकनी, बेलदारी, बेनौली र वैरिया नाकालाई तस्करीका प्रमुख मार्गका रूपमा प्रयोग गरिएको दाबी गरेका छन्। रातिको समयमा भारतीय नम्बर प्लेट भएका मोटरसाइकल प्रयोग गरी ठूलो परिमाणमा सामान नेपाल भित्र्याइने र भित्री बस्ती हुँदै विभिन्न स्थानमा पुऱ्याइने गरिएको उनीहरूको भनाइ छ।

स्थानीय स्रोतहरूका अनुसार कपडा तस्करीमा 'खेना' समूह सक्रिय रहेको आरोप छ। उक्त समूहले सीमावर्ती भारतीय क्षेत्रबाट कपडा संकलन गरी रातारात नेपाल भित्र्याउने र कुडवा, कबही गोठ तथा कोतवाली क्षेत्र हुँदै लंगडा चोकसम्म पुऱ्याउने गरेको बताइएको छ। त्यहाँबाट सामान विभिन्न जिल्लामा वितरण गरिने गरिएको स्थानीयको दाबी छ। त्यस्तै, चकलेट र काजुजस्ता उपहार तथा खाद्यान्न सामग्रीको तस्करीमा 'अरबिन्द साह' नेतृत्वको अर्को समूह सक्रिय रहेको आरोप पनि स्थानीयले लगाएका छन्। उनीहरूले सीमाका विभिन्न नाकाबाट सामान भित्र्याई रामनगर क्षेत्रमा गोदाम गर्ने र त्यसपछि कलैया, कोल्हबी लगायतका बजार तथा बस्तीहरूमा वितरण गर्ने गरेको दाबी गरेका छन्।

स्थानीयका अनुसार तस्करीको यो सञ्जाल संगठित रूपमा सञ्चालन भइरहेको छ। मोटरसाइकल, साना सवारी साधन तथा कहिलेकाहीँ पैदलमार्ग प्रयोग गरी सामान ओसारपसार गरिने गरिएको बताइन्छ।

सीमामा सुरक्षाकर्मीको उपस्थिति भए पनि रातिको समयमा तस्करी गतिविधि निर्बाध रूपमा चल्ने गरेको स्थानीयको आरोप छ। सामान्य नागरिकको सामानमा कडाइ भए पनि ठूलो परिमाणका बन्डल र बोरा सहजै पार हुने गरेको उनीहरूको गुनासो छ।

कतिपय स्थानीयले तस्कर र केही सुरक्षाकर्मीबीच मिलेमतो हुन सक्ने आशंका समेत व्यक्त गरेका छन्। यद्यपि यस विषयमा आधिकारिक पुष्टि भने भएको छैन।

स्थानीयवासीले पटक-पटक जानकारी गराउँदा पनि ठोस कारबाही नभएको गुनासो गर्दै सीमाक्षेत्रमा कडा निगरानी, नियमित गस्ती र निष्पक्ष अनुसन्धानको माग गरेका छन्। साथै, तस्करीमा संलग्न भनिएका गिरोह तथा सम्भावित संलग्न व्यक्तिमाथि छानबिन गरी कानुनी कारबाही गर्न पनि उनीहरूले आग्रह गरेका छन्।

## नीति तथा बजेट निर्माणमा नागरिक सहभागिता बढाउन "सुझाव संकलन पोर्टल" सञ्चालनमा

***काठमाडौं, २६ बैशाख।***

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ले आगामी आर्थिक वर्षको नीति, कार्यक्रम तथा बजेट निर्माण प्रक्रियामा नागरिकको प्रत्यक्ष सहभागिता सुनिश्चित गर्न 'सुझाव संकलन पोर्टल' सञ्चालनमा ल्याएको छ।

सरकारले आगामी सोमबार सार्वजनिक गर्ने नीति तथा कार्यक्रममा जनताका आवश्यकता, अपेक्षा र सुझाव समेट्ने उद्देश्यसहित डिजिटल प्लेटफर्म सुरु गरिएको जनाएको छ।

पोर्टलमार्फत देश तथा विदेशमा रहेका नेपाली नागरिक, विषयविज्ञ तथा नीति निर्माताले बजेट निर्माण, विकास प्राथमिकता र सार्वजनिक नीतिसम्बन्धी आफ्ना राय-सुझाव



सिधै सरकारसमक्ष पेश गर्न सक्ने व्यवस्था गरिएको छ।

प्रधानमन्त्री कार्यालयका अनुसार नीति निर्माण प्रक्रियालाई प्रशासनिक सीमाभित्र मात्र नराखी नागरिकको भावना र विज्ञताको उपयोग गर्ने उद्देश्यले यो पहल थालिएको हो।

प्रधानमन्त्रीको सचिवालयले उक्त पोर्टलले नागरिक र राज्यबीचको दूरी घटाउँदै सुशासन प्रवर्द्धनमा नयाँ अभ्यास स्थापित गर्ने विश्वास व्यक्त गरेको छ। प्राप्त सुझावलाई प्रशासनिक तहमा समीक्षा गरी

बाँकी तेस्रो पृष्ठमा

## अनुसन्धानका लागि पालिएका पक्षीमा बर्डफ्लू, बारामा करिब ५० लाखको क्षति

***संवाहक सम्वादाता**-२६ बैशाख, कलैया*

बाराको राष्ट्रिय पक्षी अनुसन्धान कार्यक्रम अन्तर्गत अनुसन्धानका लागि पालिएका पक्षीमा बर्डफ्लू संक्रमण पुष्टि भएपछि करिब ५० लाख रुपैयाँ बराबरको क्षति भएको छ।

कार्यालयका सूचना अधिकारी खमबहादुर प्रजा का अनुसार गएको चैत अन्तिम सातादेखि फार्ममा बर्डफ्लू संक्रमण देखापरेको हो। सुरुमा टर्कीमा संक्रमण पुष्टि भएको र त्यसपछि अन्य पक्षीमा समेत फैलिएको उहाँले जानकारी दिनुभयो। संक्रमण नियन्त्रणका लागि फार्ममा रहेका झन्डै दुई हजार कुखुराका चल्ला, करिब १२ सय गिरीराज तथा अन्य जातका कुखुरा, ३३ वटा तित्रा, ४७ वटा सेतो तथा कालो टर्की र करिब ४ सय ५० वटा



बट्टाई नष्ट गरिएको कार्यालयले जनाएको छ।

पक्षीलाई खुवाइने दाना तथा आहार समेत संक्रमण जोखिमका कारण नष्ट गरिएको बताइएको छ।

हाल फार्म क्षेत्रमा चुना छर्किने, मल व्यवस्थापन गर्ने, आगोको ताप प्रयोग गर्ने लगायतका निर्मलीकरण कार्य भइरहेको कार्यालयले जनाएको छ।

बर्डफ्लू फैलिन नदिन सतर्कता अपनाइएको तथा थप निगरानी बढाइएको सम्बन्धित निकायले जनाएको छ।

## होटलमा युवती मृत भेटिइन्, हत्या आशंकामा तीन जना पक्राउ

***संवाहक सम्वादाता**-२६ बैशाख, कलैया*

बाराको निजगढ नगरपालिका-९ स्थित गुरुङ होटलमा एक युवती मृत अवस्थामा फेला परेकी छन्। मृतक निजगढ-१२ कोलगाउँ निवासी १९ वर्षीया सीता थिङ रहेको प्रहरीले जनाएको छ। उनी होटलको कोठाभित्र एक युवकसँग बसेको अवस्थामा मृत भेटिएको जानकारी जिल्ला प्रहरी कार्यालय बारा ले प्रेस विज्ञप्तिमार्फत दिएको हो।

प्रहरीका अनुसार बिहीबार राति करिब ११ बजे ती युवतीलाई अचेत अवस्थामा निजगढ सामुदायिक अस्पताल पुऱ्याइएको थियो। चिकित्सकले जाँचपछि उनलाई मृत घोषणा गरेका थिए।

प्रारम्भिक अनुसन्धानका क्रममा घाँटी थिचेर हत्या गरिएको हुन सक्ने आशंका गरिएको प्रहरीले जनाएको छ। घटनापछि फरार रहेका दुई युवकलाई प्रहरीले



खोजतलासपछि पक्राउ गरेको छ। पक्राउ पर्नेमा जितपुरसिमरा उपमहानगरपालिका-१६ टाँगिया बस्ती निवासी ३५ वर्षीय महेश माझी र ३६ वर्षीय सुनिल भोजपुर रहेका छन्।

प्रहरीले घटनास्थलबाट थप प्रमाण संकलन गर्नुका साथै घटनामा संलग्नता आशंकामा अन्य एक महिलासहित तीन जनालाई नियन्त्रणमा लिएर अनुसन्धान अघि बढाएको जनाएको छ।

घटनाबारे थप अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ।

## भोजपुरी लोककलालाई अन्तर्राष्ट्रिय पहिचान दिलाउँदै वीरगञ्जका कलाकार महतो

***वीरगञ्ज, २६ बैशाख।***

मुकेश महतो विगत तीन दशकदेखि कला क्षेत्रमा सक्रिय रहँदै भोजपुरी लोककलालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा परिचित गराउन निरन्तर लागिपरेका छन्।

वीरगञ्ज-१० घडिअर्वा निवासी महतो पछिल्लो ६ वर्षदेखि विशेष रूपमा चित्रकला र मूर्तिकलामा केन्द्रित छन्। वीरगञ्जमै बसेर चित्र निर्माण र मूर्तिकला सिर्जना गर्दै आएका उनी मोफसलमै रहेर पनि कलाकारिताबाट सम्मानजनक जीवनयापन सम्भव रहेको बताउँछन्।

अर्डरअनुसार उनले दुई हजारदेखि ३५ हजार रुपैयाँसम्मका चित्र बिक्री



गर्दै आएका छन्। हाल उनी वीरगञ्जका दुई विद्यालयमा आर्ट शिक्षकका रूपमा कार्यरत छन्। विद्यालय तहबाटै बालबालिकामा कला संस्कृतिप्रति रुचि बढाउने उद्देश्यले उनी विभिन्न कला

बाँकी तेस्रो पृष्ठमा

"सत्य वस्तुत अन्त सम्म नै सत्य नै रहन्छ !"
- सेक्सपियर

प्रकाशक/सम्पादक
पन्नालाल दास
सम्पर्क नं.:- ९८४५२१७०१९
९८०६८१४३०२

सह-सम्पादक
मुन्ना कुमार

सामाचार सम्पादक
सरोज दास

कानुनी सल्लाहकार
परमहंस केशरी/ श्याम बिहारी कुशवाहा

कम्प्यूटर सेटिङ्ग
म. फरिद

Email: samvahakdaily1@gmail.com
Website: samvahakdaily.com

प्रधान कार्यालय:
कलैया उपमहानगरपालिका
शाखा कार्यालय: कलैया-१, बारा

मुद्रक: शुभ लक्ष्मी अफसेट प्रेस, वीरगंज

# सम्पादकीय ........

## नेशनल मेडिकलमाथि उठेका प्रश्नको जावफ चाहिन्छ


वीरगञ्जस्थित नेशनल मेडिकल कलेज तथा शिक्षण अस्पताल सम्बन्धी विवादले अहिले केवल एउटा निजी संस्थाको विषयलाई मात्र होइन, राज्यको नियमन क्षमता, कानुनी शासन र सार्वजनिक विश्वासलाई समेत केन्द्रमा ल्याएको छ। स्वामित्व विवाद, किर्ते कागजात, राजस्व छली तथा सम्पत्ति शुद्धीकरणजस्ता गम्भीर आरोप सार्वजनिक भइरहँदा सम्बन्धित निकायहरूको मौनता र सुस्तता झन् शंकास्पद देखिन थालेको छ।

मेडिकल कलेज कुनै सामान्य व्यापारिक संस्था होइन। यहाँ हजारौं विद्यार्थीको भविष्य, बिरामीको जीवन र समाजको स्वास्थ्य प्रणाली जोडिएको हुन्छ। त्यसैले यस्तो संस्थामाथि उठेका प्रश्नलाई सामान्य निजी विवादका रूपमा हेर्न मिल्दैन। अझ सामाजिक उद्देश्यका लागि स्थापना भएको संस्थालाई निजी स्वार्थअनुसार प्रयोग गरिएको आरोपले विषयलाई थप गम्भीर बनाएको छ। विगत दुई दशकदेखि यो प्रकरण अदालत, प्रशासन र विभिन्न निकायमा घुमिरहनु आफैंमा राज्य संयन्त्रको कमजोरीको संकेत हो। यदि आरोप गलत हुन् भने सम्बन्धित पक्षले प्रमाणसहित स्पष्ट जवाफ दिनुपर्छ। यदि आरोप सही हुन् भने दोषीमाथि कानुनअनुसार कारबाही हुनुपर्छ। तर, न स्पष्ट निष्कर्ष आउँछ, न प्रभावकारी अनुसन्धानको अनुभूति हुन्छ। यही अवस्थाले जनविश्वास कमजोर बनाइरहेको छ।

राजस्व छली, कर अपारदर्शिता र मनी लाउन्डिङजस्ता आरोप केवल आर्थिक अपराधका विषय होइनन्। यस्ता गतिविधिले राज्यको आर्थिक प्रणाली, कर प्रशासन र कानुनी संरचनामाथि प्रत्यक्ष असर पार्छ। शक्तिशाली पहुँचका आधारमा यस्ता विषय ओझेलमा पार्ने प्रवृत्ति बढ्दै गयो भने कानुनप्रतिको नागरिक विश्वास क्रमशः समाप्त हुँदै जान्छ। यस अवस्थामा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग तथा आन्तरिक राजस्व विभाग ले निष्पक्ष, स्वतन्त्र र प्रभावकारी छानबिन गर्नु अपरिहार्य देखिन्छ। अनुसन्धान केवल औपचारिकतामा सीमित हुनु हुँदैन; तथ्य, वित्तीय कारोबार र कानुनी प्रक्रियाको गहिरो परीक्षण आवश्यक छ। लोकतन्त्रमा सार्वजनिक सरोकारका संस्थामाथि प्रश्न उठ्नु अस्वाभाविक होइन। तर, ती प्रश्नको उत्तर कानुन, प्रमाण र पारदर्शिताबाट आउनुपर्छ। अन्यथा स्वास्थ्य र शिक्षा क्षेत्रप्रतिको विश्वास कमजोर हुँदै जानेछ, जसको असर दीर्घकालीन रूपमा सम्पूर्ण समाजले भोग्नुपर्नेछ।

नेशनल मेडिकल प्रकरण अब केवल एउटा संस्थाको विवाद होइन, यो राज्यको विश्वसनीयता परीक्षण गर्ने मुद्दा बनेको छ। अब आवश्यक कुरा आरोप-प्रत्यारोप होइन, सत्यतथ्य सार्वजनिक गर्ने निष्पक्ष छानबिन हो।

# चराको रोचक उडान




नेपालमा हालसम्म अभिलेख भएका ९०२ प्रजातिका चरा वर्षभरि नै नेपालमा बस्दैनन् । मौसम परिवर्तनसँगै हाम्रो वरपर देखिने चराको दैनिक जीवन पनि बदलिन्छ । जस्तो : जाडो सुरु भएसँगै सिमसार क्षेत्रमा पानीहाँस तथा अन्य जलपन्छीले भरिभराउ देखिन्छन् तर गर्मीयाम लाग्दै जाँदा ती चरा क्रमशः अन्यत्र सर्छन् । त्यसै गरी गर्मी मौसममा वनक्षेत्र चराको सुरिलो आवाजले गुञ्जायमान हुन्छ भने रङ्गीन प्रजातिका चरा तथा तिनका गुँड र बचेराले सजिसजाउ हुन्छ। चराले आफ्नो प्रजनन क्षेत्रबाट चरन क्षेत्रसम्म हरेक वर्ष मौसम अनुसार नियमित रूपमा यात्रा गर्छन्। त्यही यात्रालाई चराको बसाइँसराइ भनिन्छ। अनकूल मौसम, सुरक्षित वासस्थान, चरन र प्रजननका लागि चराहरू एक ठाउँबाट अर्को ठाउँ, एक देशबाट अर्को देश र एक महादेशबाट अर्को महादेशमा बसाइँ सरी आउने जाने गर्छन् । बसाइँ सर्ने चराले आफ्नो यात्राका क्रममा विभिन्न भौगोलिक क्षेत्र, पारिस्थितिक प्रणाली, देश र समुदायलाई जोड्दै संरक्षणका लागि अन्तर्राष्ट्रिय सहकार्यलाई प्रेरित गर्छन् र विश्वभरका मानिसलाई एकताबद्ध बनाउँछन् ।

विश्वमा पाइने चराका ११ हजारभन्दा बढी प्रजातिमध्ये करिब ४० प्रतिशत नियमित रूपमा ऋतु अनुसार एक ठाउँबाट अर्को ठाउँमा बसाइँ सरिरहन्छन् । बसाइँसराइ गर्ने चरा आफ्नो गन्तव्यसम्म पुग्ने दिशा तथा बाटो पहिचानका लागि सूर्य तथा अन्य ताराको अवस्थिति, नदी, भौगोलिक शृङ्खला, चुम्बकीय दिशा आदिको सहारा लिने गरेको विश्वास गरिन्छ । यसका साथै बसाइँसराइका लागि उत्प्रेरित गराउने र मार्गदर्शन गर्ने वंशाणुगत गुण पनि चराका वंशजमा स्थानान्तरण हुँदै जान्छन् । चराले बसाइँसराइको बेला प्रयोग गर्ने बाटोलाई उडान मार्ग भनिन्छ । विश्वमा नौ वटा यस्ता उडान मार्ग पहिचान गरिएका छन् र नेपाल मध्यएसियाली उडानमार्गमा अवस्थित छ। रोचक त के छ भने चराले बसाइँसराइ गर्ने बेला यिनै निश्चित उडानमार्ग हुँदै आवतजावत गर्छन् । यिनै बसाइँसराइ गर्ने चराको दिगो संरक्षण, तिनको आहार, वासस्थान र उडानमार्गको सुरक्षाका लागि विश्वव्यापी हातेमालो तथा सचेतना अभिवृद्धि गर्ने उद्देश्यले हरेक वर्ष मे महिनाको दोस्रो शनिबार चराको विश्व बसाइँसराइ दिवस मनाइन्छ । नेपालमा पनि हिउँद याममा उत्तरी भूगोलका देश रुस, चीन, मङ्गोलियाका साथै युरोप, कोरिया र तिब्बती क्षेत्रबाट जाडो छल्न बर्सेनि करिब १५० भन्दा बढी प्रजातिका हजारौं चरा नेपालको तल्लो हिमाली भेग, पहाड र तराईका विभिन्न भूभाग तथा तालतलैया र नदी आसपासमा बसाइँ सरी आउँछन् । यसै गरी करिब ५० प्रजातिका बटुवा चरा नेपालको बाटो हुँदै दक्षिणी मुलुक भारत, पाकिस्तान, श्रीलङ्का र अफ्रिकासम्म जान्छन्। यसरी जाडो याममा नेपालमा बसाइँ सरी आउने चरामा अधिकांश पानी चराका प्रजाति हुन्छन् भने अन्य सिकारी चरा, बगेडी, चाँचर, साना फिस्टा, अर्जुनक, झ्याप्सी, भद्राई आदि पर्छन् । यी हिउँदे आगन्तुक चरा नेपाल आउने क्रम भदौ मध्यदेखि पुस मध्यसम्म जारी रहन्छ । चैतसम्ममा प्रायःआफ्नो स्थायी बसोबासमा प्रजननका लागि फर्किसकेका हुन्छन् । हिउँदे आगन्तुक चरा गर्मीयामको सुरुवातसँगै आफ्नो वासस्थान फर्किसक्दा फेरि भारत, श्रीलङ्का र अफ्रिकाबाट हजारौं ग्रीष्मकालीन आगन्तुक चरा बच्चा कोरल्न नेपाल आइसकेका हुन्छन्। यसरी आउने करिब ६२ प्रजातिमा कोइली, मुरलीचरी, सुनचरी, स्वर्गचरी, पिट्टा, कटुसटाउके आदि हुन्छन् । यी चराले नेपालमा बच्चा कोरली असोजसम्ममा हुर्काएर पुरानै वासस्थानमा फर्कन्छन् । ग्रीष्मकालीन आगन्तुक चराको मुख्य वासस्थान भने वन र यस आसपासका घाँसे मैदान र कृषि भूमि हुन् । बसाइँसराइ गर्दा हुने चराको यात्रा रोचक, साहसिक र चामत्कारिक हुन्छ। उदारणका लागि परेवा जत्रो शरीर हुने आर्कटिक टर्न चरा जुन संसारकै सबैभन्दा लामो दुरीको यात्रा तय गर्ने प्राणी हो । यसले हरेक वर्ष करिब ९० हजार किलोमिटर दुरी पार गर्दै उत्तरी ध्रुवबाट दक्षिणी ध्रुवसम्म बसाइँ सर्छन्। करिब ३० वर्ष आयु हुने यो चराले आफ्नो जीवनकालमा पृथ्वीबाट चन्द्रमामा चार पटक ओहरदोहर गर्ने दुरी पार गर्छ। त्यस्तै ग्रेट स्नाइप भनिने चाहा प्रजातिको चरा ९७ किलोमिटर प्रतिघण्टाको गतिमा अविछिन्न रूपमा ६८ सय किलोमिटर दुरी पार गर्छ । तीव्र गतिमा लामो दुरी पार गर्ने चराका रूपमा यसलाई लिइन्छ । करिब १० दिनसम्म खाना र आरामबिना उडेर बार टेल गुडविट १३ हजार किलोमिटर दुरी पार गरी अलास्काबाट न्युजिल्यान्ड पुग्छ । त्यसै गरी सर्वोच्च शिखर सगरमाथाभन्दा पनि करिब नौ हजार ३७५ मिटर माथि उड्ने खोयाहाँस नेपालमा हिँउद बिताउन आउँछ। नेपालमा उत्तरबाट हिँउद बिताउन आउने चरा हिमालका बिचमा पर्ने होचा खोचबाट नेपाल प्रवेश गर्छन् तर खोयाहाँस सिधै हिमाल नाघी अत्यन्तै जोखिमपूर्ण साहसिक र रोचक यात्रा तय गर्छ। हावा बहाबको प्रतिकूल दिशामा पनि उड्न सक्ने यस चराले ८० किलोमिटर प्रतिघण्टाको गतिमा एक दिनमा १६ सय किलोमिटरभन्दा बढी दुरी पार गर्न सक्छ। बेलायती प्रकृतिविद् ब्रायन हडसनले सन् १८३३ मा नेपालबाट विश्वका लागि नयाँ प्रजातिको चराका रूपमा पहिचान गरेको चिल हो- गोमायु महाचिल । नेपाली पहिचान बोकेर संसारभर उडिरहेको गोमायु महाचिल पनि नेपालका लागि हिउँदे आगन्तुक र बटुवा हो । गोमायु महाचिल बसाइँ सरेर आउने क्रममा अधिकांश पूर्वी नेपालबाट प्रवेश गर्छन् भने तराईका भूभागसँगै काठमाडौँ र पोखरा उपत्यकामा बढी समय बिताउने गर्छन्। पश्चिमतर्फ जान अन्नपूर्ण हिमशृङ्खलाको दक्षिण ठुलाखर्क/काँडेको बाटो प्रयोग गर्छन् तर सन् २०१५ को असोज अन्तिम साता मङ्गोलियामा स्याटेलाइट ट्याग लगाएको गोमायु महाचिल करिब दुई महिनाको समयमा पाँच हजार २७८ किलोमिटर दुरी पार गरी मङ्गोलिया, चीन, नेपाल हुँदै भारतको उत्तराखण्डसम्म पुगेको थियो । औसतमा ४४ किलोमिटर प्रतिघण्टा र एक दिनमा बढीमा ३६५ किलोमिटरसम्म उडान भरेको उक्त चिल सात हजार दुई सय मिटर उचाइबाट हिमाल नाघी सगरमाथाको दक्षिण पूर्वी क्षेत्र हुँदै नेपाल भित्रिएको थियो । अत्यन्तै चिसो र कम अक्सिजन हुने हिमालय क्षेत्रभन्दा माथिबाट हावा बहाबको प्रतिकूल दिशामा उड्दै नेपाल प्रवेश गरेको उक्त गोमायु महाचिलले अनुसन्धानकर्तालाई चकित पारेको थियो । ग्रीष्मकालीन आगन्तुक चरा पनि हजारौं किलोमिटर दुरी पार गरी नेपाल भित्रिन्छन्। उदाहरणका लागि जुरेकोइली अफ्रिका महादेशबाट करिब पाँच हजार किलोमिटर लामो दुरी पार गर्दै नेपाल भित्रिन्छ । सन् २०१६ मा चीनको राजधानी बेइजिङनजिकबाट स्याटेलाइट ट्याग लगाएर छाडिएका दुई कुक्कु कोइली एक वर्षमा १६ देश हुँदै कम्तीमा दुई हजार सात सय किलोमिटर दुरी पार गरेर अफ्रिकासम्म पुगेका थिए । दर्जनौं देश र महासागर पार गरी झन्डै आधा संसारको यात्रा गरेका ती कोइलीको यात्रा रोचक र प्रेरणादायी छ। नेपालमा पाइने १९ प्रजातिका कोइलीमध्ये १५ प्रजातिले त आफ्नो गुँड नै बनाउँदैनन् र अन्डा अरू चराको गुँडमा पार्दिन्छन् । अन्य चराले आफ्नै सन्तान ठानेर कोइलीको बच्चा हुर्काउँछ । ग्रीष्मयाममा नेपालमा पनि आउने खैरो गौंथली १० महिनासम्म आकाशमा उडेको उड्यै गर्न सक्ने हालैको एक अध्ययनले देखाएको छ । नेपालमा बसाइँ सरी आउने चरा खासगरी वासस्थान सङ्कुचन तथा विनाश, कृषिमा रासायनिक मलको बढ्दो प्रयोग, जलस्रोतमा विषादीको प्रयोग, सिमसार क्षेत्रको अतिक्रमण, वनडढेलो, अवैध चरा सिकार जस्ता कारणले सङ्कटमा परेका छन् । यसका साथै उडानमार्गमा हुने अवरोध र जलवायु परिवर्तन जस्ता कारणले पनि चराको आवागमनमा बाधा पुऱ्याएको छ । बसाइँ सरी आउने चरा लामो दुरीको यात्राले थकित हुने तथा आश्रय स्थल नयाँ हुने हुँदा प्राकृतिक तथा मानवीय सिकारको अत्यधिक जोखिम हुन्छ। हिउँदे आगन्तुक चराको मुख्य आश्रय स्थल सिमसारको सङ्कुचन तथा विनाश र चोरीसिकारले यी चरा प्रभावित भइरहेका छन् ।

गमन, गुँड बनाउने र बच्चा कोरल्ने समयमा भइरहेका भीषण वनडढेलोले यी चराको प्रजनन र नवजात शिशु मात्र प्रभावित भइरहेका छैनन्, सयौं माउ चरा पनि मरिरहेका छन्। वासस्थानमा आइरहेको तीव्र परिवर्तन र वनडढेलो यी चराका लागि मुख्य चुनौती हो । बसाइँ सर्ने चराले मानिस, पारिस्थितिकीय प्रणाली र राष्ट्रलाई जोडेका छन् र खास प्रकारको वातावरणीय सूचकको काम गरिरहेका छन् । तसर्थ यी चराको दिगो संरक्षण, तिनको आहार, वासस्थान र उडानमार्गको सुरक्षाका लागि स्थानीय समुदायदेखि अन्तरदेशीय साझेदारीको आवश्यकता छ। यस वर्षको चराको विश्व बसाइँसराइ दिवसले पनि चरा संरक्षणमा सामुदायिक सहभागिताको महषवलाई उजागर गर्दै 'हरेक चरा महषवपूर्ण छन्, तपाईंको अवलोकनले महत्व राख्छ' भन्ने नारा तय गरिएको छ । यस अभियानले विश्वभरका व्यक्ति, समुदाय र संस्थाले सीमापार बसाइँ सर्ने चराको संरक्षणका लागि ज्ञान निर्माणमा पुऱ्याइरहेको योगदानलाई पनि सम्मान गर्छ । बसाइँ सर्ने चराको संरक्षणमा विश्वव्यापी जनचेतना अभिवृद्धि र संरक्षणमा सहकार्य तथा साझेदारी स्थापना गर्ने उद्देश्यले मनाइँदै आएको यस दिवसको सार्थकताका लागि हामी सबैले हातेमालो गरौं ।

ग्रीष्मकालीन आगन्तुक चराको आगमन, गुँड बनाउने र बच्चा कोरल्ने समयमा भइरहेका भीषण वनडढेलोले यी चराको प्रजनन र नवजात शिशु मात्र प्रभावित भइरहेका छैनन्, सयौं माउ चरा पनि मरिरहेका छन्। वासस्थानमा आइरहेको तीव्र परिवर्तन र वनडढेलो यी चराका लागि मुख्य चुनौती हो । बसाइँ सर्ने चराले मानिस, पारिस्थितिकीय प्रणाली र राष्ट्रलाई जोडेका छन् र खास प्रकारको वातावरणीय सूचकको काम गरिरहेका छन् । तसर्थ यी चराको दिगो संरक्षण, तिनको आहार, वासस्थान र उडानमार्गको सुरक्षाका लागि स्थानीय समुदायदेखि अन्तरदेशीय साझेदारीको आवश्यकता छ। यस वर्षको चराको विश्व बसाइँसराइ दिवसले पनि चरा संरक्षणमा सामुदायिक सहभागिताको महषवलाई उजागर गर्दै 'हरेक चरा महषवपूर्ण छन्, तपाईंको अवलोकनले महत्व राख्छ' भन्ने नारा तय गरिएको छ । यस अभियानले विश्वभरका व्यक्ति, समुदाय र संस्थाले सीमापार बसाइँ सर्ने चराको संरक्षणका लागि ज्ञान निर्माणमा पुऱ्याइरहेको योगदानलाई पनि सम्मान गर्छ । बसाइँ सर्ने चराको संरक्षणमा विश्वव्यापी जनचेतना अभिवृद्धि र संरक्षणमा सहकार्य तथा साझेदारी स्थापना गर्ने उद्देश्यले मनाइँदै आएको यस दिवसको सार्थकताका लागि हामी सबैले हातेमालो गरौं ।

# अन्तर्राष्ट्रिय, मनोरञ्जन तथा खेलकुद समाचार

## नाइजेरियाको उत्तरपूर्वी क्षेत्रमा सैनिक कारबाहीमा ५० जना जिहादी लडाकूको मृत्यु



***मैदुगुरी, नाइजेरिया, वैशाख २६ गते।*** नाइजेरियाको सेनाले लामो समयदेखि इस्लामिक विद्रोह चलिरहेको नाइजेरियाको उत्तरपूर्वी क्षेत्रमा यसै हप्ता भएको झडपमा कम्तीमा ५० जिहादी विद्रोहीको मृत्यु भएको जनाएको छ । सन् २००९ देखि देशले बोको हराम र यसको विभाजित गुट इस्लामिक स्टेट पश्चिम अफ्रिका प्रान्त (आइएसडब्ल्युएपी) सँग लडिरहेको छ । उनीहरूले यस क्षेत्रमा इस्लामिक खलिफा स्थापना गर्ने बताउँदै आएका छन् । सेनाले बिहीबार बुनी गारी शहरमा रहेको आफ्नो २७ औं ब्रिगेडको मुख्यालय र योबे राज्यको नजिकैको सुरक्षा जाँच स्थलमा आइएस डब्ल्युएपीसँगको झडपका क्रममा जिहादी लडाकू मारिएका बताइएको छ। "धेरै दिशाबाट ठूलो सङ्ख्यामा आतङ्ककारीले अँध्यारोको फाइदा उठाउँदै स्थानीय समयअनुसार राति करिब २:०० बजे सुरु गरेको आक्रमणलाई विनाशकारी सशस्त्र आक्रमणलाई रणनीतिक प्रतिभा र सैनिकको दृढ विश्वासले विफल पारिदिएको छ," आर्मले शुक्रबारको बयानमा भन्नुभयो ।

झडपमा कम्तीमा ५० जना आतङ्ककारीको मृत्यु भएको र ठूलो परिमाणमा हातहतियार र गोलाबारुद बरामद गरिएको छ भने दुई सैनिकको मृत्यु भएको सेनाले जनाएको छ । सेनाले सार्वजनिक गरेको एएफपीलाई प्राप्त तस्बिरमा बरामद हातहतियार र गोलीगठ्ठासहित मृत शरीर देखाइएको छ । नाम नबताउने सर्तमा एक खुफिया स्रोतले आक्रमण र सेनाको प्रत्याक्रमणको पुष्टि गरेको छ ।

यद्यपि उक्त स्रोतले सेनातर्फ पनि क्षति भएको जनाएको छ । अर्को गुप्तचर स्रोतका अनुसार मारिएका र घाइते भएका सैनिकलाई छ वटा एम्बुलेन्समा छिमेकी बोर्नो राज्यको राजधानी मैदुगुरी लगिएको छ । बोको हराम र आइएसडब्ल्यएपीले हालैका महिनामा तुलनात्मकरूपमा शान्तिको अवधिपछि आक्रमण बढाएका छन् ।

सन् २०१९ देखि सेनाले साना चौकी बन्द गरेको छ र आक्रमणलाई राम्रोसँग सामना गर्न डिजाइन गरिएको 'सुपर क्याम्प' भनेर चिनिने ठूला, भारी सुदृढ शिविरमा आफ्नो सेनालाई पुनः सङ्गठित गरेको छ। केही विश्लेषक भन्छन्, "यो रणनीतिले सशस्त्र समूहलाई कम सैन्य उपस्थिति भएका ग्रामीण क्षेत्रमा बढी स्वतन्त्ररूपमा आवतजावत गर्न अनुमति दिएको छ।"

संयुक्त राष्ट्रसङ्घका अनुसार उत्तरपूर्वी नाइजेरियामा जिहादी विद्रोहले ४० हजारभन्दा बढीको ज्यान लिएको छ र करिब २० लाख विस्थापित भएको छ र हालैका वर्षमा छिमेकी नाइजर, क्यामरुन र चाडका केही भागमा फैलिएको छ ।

## इरानी जहाजमा अमेरिकी आक्रमण, छ घाइते छ जना वेपत्ता



***तेहरान, वैशाख २६ गते।*** ओमानको बन्दरगाह सहर खसाब नजिकै छ वटा इरानी कार्गो र माछा मार्ने जहाजमा अमेरिकी लडाकू जेटले गरेको आक्रमणमा कम्तिमा छ जना घाइते भएको र अन्य छ जना बेपत्ता भएको मेहर समाचार एजेन्सीले शनिबार रिपोर्ट गरेको छ। जहाज दक्षिणी होर्मोजगन प्रान्तको बन्दर लेङ्गेह काउन्टीका गाउँलेका थिए, काउन्टी गभर्नर फोड मोरादजादेहलाई उद्धृत गर्दै एजेन्सिले जनाएको छ । मोरादजादेहले घाइतेलाई अस्पतालमा भर्ना गरिएको उल्लेख गर्दै आक्रमणको समयमा जहाजमा २० जना रहेको बताउनु भएको छ । इराना समाचार एजेन्सीले होर्मोजगन तटमा एक अघिल्लो रात भएको अमेरिकी आक्रमणमा कम्तिमा एक जना व्यक्तिको मृत्यु भएको र अन्य १० जना घाइते भएको रिपोर्ट गरेको थियो ।

आक्रमणका कारण मालवाहक जहाजमा आगो लागेको र बाँकी चार जना बेपत्ता भएको इरनाले जनाएको छ । होर्मुजको जलक्षेत्र वरपर बिहीबार र शुक्रबार इरान र संयुक्त राज्य अमेरिकाबिच झडप सुरु भएको जनाइएको छ । बिहीबार राति, इरानको मुख्य सैन्य कमान्ड, खतम अल-अन्बिया केन्द्रीय मुख्यालयले अमेरिकी सेनाले दुई इरानी जहाजमा आक्रमण गरेको थियो ।

इरानी कमान्डका प्रवक्ता इब्राहिम जोल्फाघारीले इरानी सेनाले हालै होर्मुजको पूर्व र इरानको चाबहार बन्दरगाहको दक्षिणमा अमेरिकी सैन्य जहाजमा आक्रमण गरेर ठूलो क्षति पुर्याएको जनाइएको छ । अमेरिकी सेन्ट्रल कमान्डले विज्ञप्ती जारी गर्दै सेनाले अप्रत्यासित इरानी आक्रमण रोकेको र अमेरिकी नौसेनाका जहाज स्ट्रेट अफ होर्मुज हुँदै जाँदा आत्मरक्षाका लागि आक्रमण गरेर जवाफ दिएको जनाइएको छ ।

### नीति...

आवश्यक सुझावलाई नीतिगत रूपमा कार्यान्वयन गरिने पनि जनाएको छ।

पोर्टलमा नागरिकले पठाएका सुझावको अवस्था तथा सरकारले चालेका कदमबारे जानकारी लिन सकिने 'सुझाव ट्र्याक' सुविधा समेत समावेश गरिएको छ।

सरकारले सबै नेपालीलाई डिजिटल प्लेटफर्ममार्फत सक्रिय सहभागिता जनाउन आग्रह गर्दै 'समृद्ध नेपाल' निर्माण अभियानमा रचनात्मक योगदान दिन आह्वान गरेको छ।

नागरिकले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय को आधिकारिक वेबसाइटमार्फत उक्त पोर्टल प्रयोग गर्न सक्ने जनाइएको छ।

### भोजपुरी ...

कार्यशाला, गोष्ठी तथा लोककलासम्बन्धी अनुसन्धानमा समेत सक्रिय छन्।

चाडपर्वका बेला भित्तेचित्र, पार्क सजावट तथा व्यावसायिक कला निर्माणका कामले उनको दैनिकी थप व्यस्त बन्ने गरेको छ।

महतोले नेपालसहित पाँच विभिन्न देशमा आयोजित सामूहिक कला प्रदर्शनीमा सहभागिता जनाइसकेका छन्। भोजपुरी लोककलाको संरक्षण र प्रवर्द्धनमा योगदान पुर्‍याएको भन्दै नेपाल सरकार पर्यटन मन्त्रालय बाट 'प्रादेशिक प्रतिभा पुरस्कार' समेत प्राप्त गरेका छन्।

उनले वीरगञ्ज कलाकार समाज स्थापना गरी स्थानीय युवालाई कला र लोकसंस्कृतितर्फ आकर्षित गर्न भूमिका खेलिरहेका छन्। साथै भोजपुरी प्रतिष्ठान को कार्यसमिति सदस्यका रूपमा लोककलाको दस्तावेजीकरणमा पनि सक्रिय छन्।

उनका चित्रमा सामाजिक सन्देशको प्रभाव स्पष्ट देखिन्छ। दाइजो प्रथा, बालविवाह, चेलीबेटी बेचबिखन, बालश्रम तथा वातावरण प्रदूषणजस्ता विषयलाई उनले कलामार्फत उठाउने गरेका छन्। केही वर्षअघि वीरगञ्जमा आयोजित कला महोत्सवमा उनले तयार पारेको एक चित्र निकै चर्चित बनेको थियो, जसमा दाइजो र बालविवाहको पीडालाई प्रतीकात्मक शैलीमा प्रस्तुत गरिएको थियो।

"कलाकार समाजको दर्पण हो, समाजको यथार्थ देखाउनु उसको धर्म हो," महतोले बताएका छन्।

उनका अनुसार चित्रकला वर्तमान समाजलाई भावी पुस्तासम्म पुर्‍याउने प्रभावकारी माध्यम हो।

'वाटर कलर' र 'एक्रेलिक कलर' प्रयोगमा दक्ष महतो कुशल मूर्तिकारसमेत हुन्। बाल्यकालमा विनयपाल सँग आठ वर्षसम्म मूर्तिकला सिकेका उनले वीरगञ्जका विभिन्न चोकमा स्थापित सरस्वती, गणेश, दुर्गा तथा विश्वकर्माका मूर्ति निर्माण गरेका छन्।

### बजार...

निर्देशन दिइसकेको जनाएको छ।

अभियानअन्तर्गत प्रत्येक स्थानीय तहले आफ्नो क्षेत्रमा रहेका वस्तु तथा सेवा प्रदायकलाई अनिवार्य रूपमा मूल्यसूची राख्न निर्देशन दिने तथा नियमित अनुगमन गर्नेछन्।

त्यस्तै, जिल्ला प्रशासन कार्यालयमार्फत जिल्ला बजार अनुगमन समितिलाई सक्रिय बनाइने र मूल्य पारदर्शिताबारे व्यापक जनचेतना अभियान सञ्चालन गरिने जनाइएको छ।

केन्द्रीय तथा प्रदेशस्तरीय बजार अनुगमन समितिले बजार मूल्यको मूल्याङ्कन गर्ने, अनुगमन टोली परिचालन गर्ने तथा नियम उल्लंघन गर्नेमाथि कानुनी कारबाही प्रक्रिया अघि बढाउने सरकारको तयारी छ।

बजारमा वस्तु तथा सेवाको मूल्यमा एकरूपता नहुँदा उपभोक्ता ठगिने गुनासा बढेपछि सरकारले यो अभियान सुरु गर्न लागेको जनाएको छ।

### निलकण्ठ ...

आरोप छ। यसले घटनाको वास्तविक कारण अझै स्पष्ट नभएको भन्दै आलोचना भइरहेको छ।

सरोकारवालाहरूले मृत्युको कारण वैज्ञानिक परीक्षणमार्फत मात्र पुष्टि हुनुपर्ने र यस्ता घटनामा मिलापत्र गर्नु कानुनविपरीत हुन सक्ने बताएका छन्।

चिकित्सकहरूका अनुसार आर्थिक लेनदेनमार्फत यस्ता घटना टुंग्याउँदा स्वास्थ्य संस्थाप्रति जनविश्वास कमजोर हुने जोखिम रहन्छ।

प्रहरीले भने आफूहरू सुरक्षा व्यवस्थाका लागि मात्र घटनास्थल पुगेको र उपचारसम्बन्धी विषय सम्बन्धित निकाय (नेपाल मेडिकल काउन्सिल) को क्षेत्राधिकारभित्र पर्ने जनाएको छ।

### ४ हजार ...

मेगावाट क्षमताका आयोजना निर्माणाधीन छन् भने थप ३ हजार मेगावाट क्षमताका आयोजना निर्माण तयारीमा रहेका छन्। चालु आर्थिक वर्षभित्र कुल जडित क्षमता ४ हजार ५०० मेगावाटभन्दा माथि पुग्ने अनुमान गरिएको छ।

ऊर्जा पूर्वाधारतर्फ पनि उल्लेखनीय विस्तार भएको छ। ६६ केभीभन्दा माथिका करिब ७ हजार ३६० सर्किट किलोमिटर प्रसारण लाइन र १४ हजार ३२३ एमभिए क्षमताका सबस्टेसन निर्माण सम्पन्न भएको मन्त्रालयले जनाएको छ। त्यस्तै ३३ केभी प्रसारण लाइनतर्फ पनि हजारौँ किलोमिटर विस्तार भएको छ।

नेपाल विद्युत् प्राधिकरणका अनुसार विद्युत् चुहावट १२.५ प्रतिशतमा झरेको छ, जसलाई सुधारको संकेतका रूपमा लिइएको छ। हाल प्रतिव्यक्ति विद्युत् खपत ४५० किलोवाट घण्टा पुगेको र देशको ९९ प्रतिशत जनसंख्यामा विद्युत् पहुँच पुगेको दाबी गरिएको छ।

ऊर्जा व्यापारतर्फ नेपालले हालसम्म करिब २ हजार ९१८ गिगावाट घण्टा विद्युत् निर्यात र ५९० गिगावाट घण्टा आयात गरेको छ।

सौर्य ऊर्जातर्फ उत्पादन क्षमता ६२.७ मेगावाट र साना जलविद्युत् आयोजनाबाट ५५.३ मेगावाट उत्पादन भइरहेको छ।

यद्यपि, उत्पादन क्षमता बढे पनि प्रसारण लाइन विस्तार, आयोजना समयमै सम्पन्न गर्ने चुनौती, र उद्योगमा विद्युत् खपत बढाउन नसक्नुजस्ता समस्या अझै कायम छन्। विज्ञहरूका अनुसार उत्पादन वृद्धि अनुसारको औद्योगिक उपयोग नबढेसम्म ऊर्जा आत्मनिर्भरता पूर्ण रूपमा हासिल गर्न कठिन रहनेछ।


### वीरगञ्ज ...

११ सिमलटारका २० वर्षीय सागर घिमिरे र २३ वर्षीया पुजा जिम्बा रहेका छन्।

बरामद गरिएको पदार्थसहित दुवै जनालाई थप अनुसन्धानका लागि वडा प्रहरी कार्यालय विर्तामा बुझाइएको सशस्त्र प्रहरीले जनाएको छ।

सशस्त्र प्रहरीका सूचना अधिकारी मोहन राज निरौलाका अनुसार सीमा क्षेत्रमा लागूऔषध ओसारपसार नियन्त्रण गर्न नियमित चेकजाँच र निगरानी कडा बनाइएको छ।

तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

कलैया उपमहानगरपालिका द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

महागढीमाई नगरपालिका द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

निजगढ नगरपालिका द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

जीतपुरसिमरा उपमहानगरपालिका द्वारा जनहितमा जारी सन्देश ।

# बजार अनियमितता नियन्त्रण गर्न सरकारले "मूल्य पारदर्शिता सप्ताह" सञ्चालन गर्ने

***काठमाडौं, २६ वैशाख ।***

बजारमा बढ्दो अनियमितता, कृत्रिम मूल्यवृद्धि तथा उपभोक्ता ठगी नियन्त्रण गर्ने उद्देश्यले सरकारले सोमबारदेखि देशभर विशेष अभियान सञ्चालन गर्ने भएको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय को संयुक्त पहलमा 'मूल्य पारदर्शिता सप्ताह' सञ्चालन गर्न लागिएको हो। अभियान सोमबारदेखि सुरु भएर जेठ ३ गतेसम्म चल्ने जनाइएको छ।

प्रधानमन्त्री वालेन्द्र शाह का प्रेस तथा अनुसन्धानविज्ञ दिपा दाहाल ले आमनागरिकको दैनिक जीवनसँग जोडिएको मूल्यवृद्धिको समस्या समाधान गर्न अभियान




सञ्चालन गर्न लागिएको बताइन्। सप्ताहव्यापी अभियानले बजारमा हुने गलत क्रियाकलाप नियन्त्रण गर्न महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास सरकारको रहेको उनले बताइन्।

उनले सरोकारवाला निकाय, नागरिक समाज र सञ्चारकर्मीलाई बजारमा हुने अनियमितताबारे खबरदारी गर्न र अभियानलाई सहयोग गर्न आग्रह समेत गरिन्।

सरकारले अभियान कार्यान्वयनका लागि गृह मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश सरकार तथा स्थानीय तहलाई

बाँकी तेस्रो पृष्ठमा

# वैदेशिक रोजगारीमा ठगी आरोपपछि मुन म्यानपावरमा श्रम मन्त्रालयको छापा

***२६ वैशाख , काठमाडौं ।***

वैदेशिक रोजगारीका नाममा ठगी भइरहेको उजुरीपछि मुन म्यानपावर मा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय ले शुक्रबार छापा मारेको छ।

मन्त्रालयले प्रहरीसहितको टोली परिचालन गरी म्यानपावर कार्यालयमा अनुगमन तथा अनुसन्धान गरेको जनाएको छ।

श्रममन्त्री रामजी यादव का स्वकीय सचिव सरोज यादव का अनुसार मलेसिया जान लागेका एक युवाले आफू ठगीमा परेको भन्दै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मा गुनासो गरेका थिए। सोही आधारमा मन्त्रालयको टोली तत्काल म्यानपावर कार्यालय पुगेको हो।

छापाका क्रममा कार्यालयबाट ४३७ वटा पासपोर्ट बरामद



गरिएको मन्त्रालयले जनाएको छ। त्यस्तै, ७ लाख ९० हजार रुपैयाँ नगदसमेत फेला परेको छ। बरामद रकमको कुनै वैधानिक रसिद नभेटिएकाले प्रारम्भिक रूपमा गैरकानुनी असुली भएको आशंका गरिएको मन्त्रालयले जनाएको छ।

मन्त्रालयले म्यानपावर कम्पनीलाई तत्कालका लागि सिल गरेको छ भने सञ्चालकमाथि थप अनुसन्धान तथा कारबाही प्रक्रिया अघि बढाइएको जनाएको छ।

स्वकीय सचिव यादवले वैदेशिक रोजगारीका नाममा हुने अवैध असुली र ठगीविरुद्ध सरकारले शून्य सहनशीलताको नीति अपनाएको बताए। मन्त्रालयले विदेश जान चाहने युवाहरूलाई कुनै म्यानपावरले अतिरिक्त शुल्क मागेमा वा ठगीको प्रयास गरेमा तत्काल सम्बन्धित निकायमा उजुरी दिन आग्रह गरेको छ।

# पश्चिम बङ्गालमा पहिलो पटक भाजपा सरकार, शुभेन्दु अधिकारी मुख्यमन्त्री नियुक्त

***२६ वैशाख,***

कोलकाता। भारतको पश्चिम बङ्गालमा पहिलो पटक भारतीय जनता पार्टी (भाजपा) को सरकार बनेको छ। ब्रिगेड परेड ग्राउन्डमा आयोजित विशेष समारोहमा राज्यपाल आर.एन. रविले शुभेन्दु अधिकारीलाई मुख्यमन्त्री पदको शपथ गराउनुभएको हो।

समारोहमा नयाँ सरकारका थप पाँच जना मन्त्रीहरूले पनि शपथ लिएका छन्। यस ऐतिहासिक राजनीतिक परिवर्तनसँगै पश्चिम बङ्गालमा लामो समयदेखि कायम रहेको तृणमूल कंग्रेस (टीएमसी) नेतृत्वको शासन अन्त्य भएको बताइएको छ।

समाचारअनुसार, कुल २९४ सिट रहेको पश्चिम बङ्गाल विधानसभामा भाजपाले २०७ सिट जित्दै दुई तिहाइ बहुमतसहित सरकार गठन गरेको हो। भने टीएमसीले ८० सिटमा मात्र जित हासिल गरेको उल्लेख छ।

तृणमूल कंग्रेसकी नेता ममता



बनर्जीले चुनावमा धाँधली भएको आरोप लगाउँदै राजीनामा दिन अस्वीकार गरेपछि राज्यपालले विधानसभा भङ्ग गरेर नयाँ सरकार गठनको बाटो खोलेको बताइएको छ।

नवनियुक्त मुख्यमन्त्री शुभेन्दु अधिकारी पहिले ममता बनर्जीका निकट सहयोगी मानिनुहुन्थ्यो। सन् २०२१ अघि उहाँ भाजपा प्रवेश गर्नुभएको थियो। यस पटक उहाँले ममता बनर्जीलाई नै पराजित गरेपछि उहाँको राजनीतिक प्रभाव अझ बलियो बनेको विश्लेषण गरिएको छ। नयाँ सरकारको शपथ ग्रहण समारोहमा भारतका प्रधानमन्त्री नरेन्द्र मोदी पनि सहभागी हुनुभएको थियो। गृहमन्त्री अमित शाहको उपस्थितिमा बसेको भाजपा विधायक दलको बैठकले अधिकारीलाई संसदीय दलको नेता चयन गरेको

# निलकण्ठ अस्पतालमा उपचारका क्रममा महिलाको मृत्यु, मिलापत्रमार्फत घटना दबाइएको आरोप

***२६ वैशाख, विरगञ्ज ।***

बिरगञ्ज स्थित निलकण्ठ अस्पतालमा उपचारका क्रममा एक महिलाको मृत्यु भएपछि घटनालाई आर्थिक लेनदेनमार्फत मिलाएर टुंग्याइएको आरोप सार्वजनिक भएको छ। यस घटनाले अस्पतालको उपचार प्रक्रिया र जिम्मेवारीबारे प्रश्न उठाएको छ।

वीरगञ्ज-३१ चोर्नीकी करिब ४८ वर्षीया प्रमिला देवी पेट दुखेपछि बिहानै उपचारका लागि अस्पताल पुगेकी थिइन्। परिवारका अनुसार उनी त्यतिबेला सामान्य अवस्थामा थिइन् र आफैं अस्पतालसम्म पुगेकी थिइन्।

परिवारले अस्पतालमा विशेषज्ञ चिकित्सकको अनुपस्थिति रहेको र मेडिकल अफिसरले मात्र




प्रारम्भिक जाँच गरेको बताएका छन्। त्यसपछि दिइएको औषधि र नर्सले लगाएको इन्जेक्सनपछि बिरामीको अवस्था अचानक बिग्रिएको उनीहरूको भनाइ छ।

इन्जेक्सन लगाएको केही समयमै बिरामीलाई बान्ता सुरु भएको र त्यसपछि मृत्यु भएको परिवारले दाबी गरेको छ। उनीहरूले सम्बन्धित नर्सको काम गर्ने क्षमता र प्रक्रियामाथि समेत प्रश्न उठाएका छन्।

घटनासम्बन्धी दृश्य अस्पतालको सीसीटीभीमा देखिएको दाबी गर्दै परिवारले उपचारमा कमजोरी भएको संकेत गरेका छन्। घटनापछि अस्पताल परिसरमा तनाव सिर्जना भएपछि प्रहरी टोली पुगेको थियो। तर पोस्टमार्टम वा विस्तृत चिकित्सकीय परीक्षण नगरी प्रहरीको उपस्थितिमा ४ लाख रुपैयाँ क्षतिपूर्ति दिएर मिलापत्र गरिएको

बाँकी तेस्रो पृष्ठमा

# वीरगञ्ज भन्सारमा लागूऔषधसहित दुई जना पक्राउ

***२६ वैशाख , विरगञ्ज।***

वीरगञ्ज भन्सार क्षेत्रमा गरिएको नियमित चेकजाँचका क्रममा सशस्त्र प्रहरीले लागूऔषधसहित दुई जनालाई पक्राउ गरेको छ। भारतबाट नेपाल प्रवेश गर्दै गरेको अटोमा शंका लागेपछि जाँच गर्दा लागूऔषध जस्तो देखिने पदार्थ फेला परेको हो।

सशस्त्र प्रहरी बल नेपाल नं. १३ गण पर्साबाट खटिएको टोलीले वीरगञ्ज महानगरपालिका-१६ स्थित भन्सार मेनगेट क्षेत्रमा चेकजाँच गरेको थियो। सोही क्रममा अटोमा सवार दुई जनामाथि शंका लागेपछि कुकुरसहितको टोलीले




जाँच गरेको बताइएको छ।

जाँचका क्रममा उनीहरूको साथबाट ब्राउन सुगरजस्तो देखिने करिब ५ ग्राम पदार्थ र सेतो हिरोइनजस्तो देखिने ०.३४ मिलिग्राम पदार्थ बरामद गरिएको प्रहरीले जनाएको छ।

पक्राउ पर्नेमा मकवानपुर हेटौंडा-

बाँकी तेस्रो पृष्ठमा

# ४ हजार २९६ मेगावाट विद्युत् क्षमता: उपलब्धि बढ्दै, संरचना र उपयोगमा अझै चुनौती

***२६ वैशाख, काठमाडौं।***

नेपालमा कुल विद्युत् जडित क्षमता ४ हजार २९६ मेगावाट पुगेको छ। ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका अनुसार यो तथ्यांक नेपाल विद्युत् प्राधिकरण र निजी क्षेत्रबाट उत्पादन भएको विद्युत् आधारमा निर्धारण गरिएको हो।

मन्त्रालयले परीक्षण चरणका आयोजनाहरू तथा वैकल्पिक ऊर्जा स्रोतबाट उत्पादित विद्युत् भने यस तथ्यांकमा समावेश नगरिएको स्पष्ट पारेको छ।



हाल देशमा करिब ३ हजार

बाँकी तेस्रो पृष्ठमा

तातो हावा वा लू बाट बच्ने उपायहरू


- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

सुवर्ण गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरू

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

फेटा गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरू

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

परवानीपुर गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरू

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

कोल्हवी नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।